**फागुन २९, २०७२:   संघका तर्पबाट <u>Trade Preferences for Nepal</u> सम्बन्धी अन्र्तक्रियामा सहभागिता**

नेपाल तयारी पोशाक उद्योग संघका कार्यबाहक अध्यक्ष श्री चण्डी प्रसाद अर्यालद्वारा Inspire Nepal को संयोजकत्वमा होटल याक एण्ड यतिमा आयोजित Trade Preferences for Nepal बिषयक अन्र्तक्रिया कार्यक्रममा सहभागी हुनुभयो । अमेरिकी सरकारका Deputy Assistant USTR Ms Dawn Shackleford को उपस्थिति रहेको सो कार्यक्रममा हालै मात्र संयुक्त राज्य अमेरिकी सरकारद्वारा नेपालबाट अमेरिकामा निर्यात हुने ६६ वटा बिभिन्न वस्तुहरु जस्तैः कार्पेट, बाह्य भ्रमणमा प्रयोग गरिने सामानहरु आदिलाई भंसार छुट सहुलियत सहितको Trade Prederence for Nepal सम्बन्धी ऐन स्वीकृत भएको बिषयमा छलफल भएको थियो । का. वा. अध्यक्ष श्री अर्यालद्वारा भंसार रहित निर्यातयोग्य वस्तुहरुको सूचिमा नेपाली तयारी पोशाकहरु छुट हुन गएको तर्पm ध्यानाकर्षण गराउँदै गत २०७२ साल बैशाख महिनामा गएको महाभुकम्पले एकदमै प्रभावित नेपाली अर्थतन्त्रलाई पुनरुत्थान गर्न तयारी पोशाकहरु समावेश हुन अनिवार्य रहेको तर्पm प्रकाश पार्नु भयो । संघका पूर्व अध्यक्षहरु श्री चण्डी राज ढकाल तथा किरण प्रकाश साखःद्वारा भंसार रहित वस्तुहरुको सूचिमा नेपाली तयारी पोशाक जस्तो प्रचुर निर्यात सम्भावना रहेको वस्तु छुट हुन गएको तर्प अन्र्तक्रियाका क्रममा आफ्नो मन्तव्य राख्नुभयो ।

सो कार्यक्रममा संघका तर्पmबाट द्वितीय उपाध्यक्ष श्री ईमान सिंह लामा, महा – सचिव श्री अशोक कुमार अग्रवाल, कोषाध्यक्ष श्री संजय अग्रवाल, कार्य समिति सदस्यहरु श्री भुपाल बस्नेत, श्री पशुपति देव पाण्डे, श्री बसन्त राज अधिकारी, बिशेष सल्लाहकार श्री आशिष सेनगुप्ता, पूर्व बाणिज्य सचिव श्री पुरुषोत्तम ओझा एवं प्रमुख कार्यकारी अधिकृत श्री राजेश लामिछाने समेत सहभागी हुनु भएको थियो । साथै Inspire Nepal मिति फागुन २७ गतेदेखि फागुन २९ गतेसम्म होटल याक एण्ड यतिमा आयोजना गरिएको USA मा नेपाल तयारी पोशाक उद्योग संघका सदस्य संस्थाहरुद्वारा उत्पादित बिभिन्न तयारी पोशाकहरु प्रदर्शन गरिएको थियो ।

**फागुन १९, २०७२ : संघको प्रतिनिधिमण्डलद्वारा माननीय उद्योग मन्त्री श्री सोम प्रसाद पाण्डेज्यूसंग भेटघाट तथा छलफल** नेपाल तयारी पोशक उद्योग संघका कार्यबाहक अध्यक्ष श्री चण्डी प्रसाद अर्यालको नेतृत्वमा संघका पदाधिकारी एवं कार्य समितिका सदस्यहरुको समेत टोलीद्वारा नेपाल सरकारका माननीय उद्योग मन्त्री श्री सोम प्रसाद पाण्डेज्यूसंग उद्योग मन्त्रालयमा भेट गरी नेपाली तयारी पोशाकको उत्पादन तथा निर्यात अभिबृद्धि गर्नका लाि‍ग नेपाल सरकारका तर्पmबाट अवलम्बन गर्नुपर्ने नीतिगत सुधारहरुका साथै बिभिन्न छुट तथा सहुलियतहरुको माग गर्‍यो । सो बैठकमा सन् २००२ – ०३ मा रु. १२ अरब बराबरको तयारी पोशाक निर्यात गर्न सकेको यस उद्योगको विकाशका लागि न्युनतम ५ बर्षका लागि आयकर छुटको व्यवस्था, निर्यातमा १० प्रतिशतको नगद अनुदान, लचिलो श्रमनीति, सहुलियतपूर्ण कर्जा तथा ब्याजदर तथा सौर्य उर्जाको व्यवस्था आदिको नीतिगत सुविधाहरु हुन सके नेपाली तयारी पोशाकले एक पटक पुनः फड्को मार्न सक्ने समेत जानकारी गराईयो । संघका का. वा. अध्यक्ष तथा बैठकमा उपस्थित अन्य पदाधिकारीहरुद्वारा नेपाली तयारी पोशाकलाई विश्व बजारमा प्रतिस्पर्धात्मक बनाउन सरकारका तर्पmबाट उल्लेखित सुविधा सहुलियतहरु उपलब्ध गराउनु पर्ने बिषयमा जोड दिनुभयो । बैठकमा अन्त्यमा मानीय मन्त्री श्री पाण्डेज्यूद्वारा संघका तर्पmबाट बुँदागत रुपमा ठोस सुझाव सिफारिसहरु सरकार समक्ष पेश गर्न निर्देशन दिनु भए अनुसार संघका तर्पmबाट सो सम्बन्धी पत्र मन्त्रालयमा पेश गरी सकिएको समेत अवस्था रहेको छ ।

सो बैठकमा संघका द्वितीय उपाध्यक्ष श्री ईमान सिंह लामा, महा – सचिव श्री अशोक कुमार अग्रवाल, कार्य समिति सदस्य श्री पशुपति देव पाण्डे, संघका बिशेष सल्लाहकार श्री आशिष सेनगुप्ताका साथै प्रमुख कार्यकारी अधिकृत श्री राजेश लामिछानेको समेत उपस्थित रहेको थियो ।

च. नं.  ।२०७२।०७३  मिति : २०७२।११।२०

माननीय उद्योग मन्त्री,

श्री सोम प्रसाद पाण्डेज्यू,

उद्योग मन्त्रालय,

सिंहदरबार, काठमाण्डौं ।

बिषयः सिफारिस गरिएको बारे ।

महोदय,

यहि २०७२ साल फागुन १९ गते यहाँको अध्यक्षतामा श्री सचिवज्यू, नेपाल सरकारका सम्बद्ध निकायका अधिकृतहरु एवं यस संघ सहित निजी क्षेत्रका अन्य प्रतिनिधिहरु समेतको उपस्थितिमा संयुक्त राज्य अमेरिकी सरकारद्वारा तयारी पोशाक सहित ६६ बिभिन्न स्वदेशी वस्तुहरुको निर्यातमा भंसाररहित सुविधा उपलब्ध गराउने बिषयमा बिस्तृत छलफल पश्चात् नेपाली तयारी पोशाकको निर्यातलाई अभिबृद्धि गर्न संघका तर्पmबाट देहाय बमोजिम बुँदागत रुपमा निम्नानुसार सिफारिशहरु पेश गर्दछौं ।

१. नेपाल राष्ट्र बैंकबाट निर्यातजन्य उद्योगलाई उपलब्ध गराईएको ४.५% (खुद) बार्षिक सहुलियत ब्याजदरको पुर्नकर्जा सुविधालाई चालु पूँजीका अलावा स्थीर पूँजीमा बार्षिक ४.५% मा नबढ्ने गरी समेत प्रवाह गर्ने व्यवस्था गर्ने । उल्लेखित कर्जाको समयावधि नवीकरणको प्रावधान सहित न्युनतम २ बर्षको लागि हुनुपर्ने । त्यसैगरी तयारी पोशाक उद्योगलाई ५ बर्षका लागि आय छुट दिने व्यवस्था गर्ने । साथै पिछडिएका जिल्लाहरुमा हुने कर्जा प्रवाहमा समेत नगद अनुदान व्यवस्था रहेको हुँदा सोही अनुसार तयारी पोशाक जस्ता निर्यातजन्य उद्योगहरुलाई नेपाल राष्ट्र बैंक मार्पmत बित्तिय संस्थाहरुलाई एक निश्चित प्रतिशत कर्जा प्रवाह गर्ने व्यवस्था गरिनु पर्ने ।

२.	तयारी पोशाक उत्पादन गरी निर्यात गर्ने उद्योगहरुलाई हाल उपलब्ध गराईएको १% अनुदान सुविधालाई बृद्धि गरी १०% कायम गर्नुपर्ने । यस सुविधाबाट भूपरिवेष्ठित मुलुकका नाताले नेपालमा आयात गरिने तथा नेपालबाट निर्यात हुने वस्तुहरुको ढुवानी लागत न्युनतम रुपमा १५% महङ्गो हुन जाने देखिएको स्थितिलाई न्युनिकरण गर्न सघाउँछ ।

३.	हालको अवस्थामा निर्वाध रुपमा न्युनतम १२ घन्टा बिद्युत आपूर्ति हुन सक्ने अवस्था नरहेको हुँदा सौर्य उर्जाको व्यवस्था गरी तयारी पोशाक उत्पादनमा सघाउ पु¥याउने ।

४.	क्रेताको डिजाइन एवं मौसमी माग अनुसार तयारी पोशाकको उत्पादन हुने भएको हुँदा तयारी पोशाक उत्पादनका लागि प्रयोग हुने श्रमिकहरुको नियुक्ति एवं अवकाशमा खुकुलो नियम आवश्यक भएको हुँदा तयारी पोशाक मैत्री एवं लचिलो श्रमनीति तर्जुमा गरी कार्यान्वयन गरिदिने । निर्यात हुने वस्तुहरुको आवागमन बन्द, हड्तालको समयमा पनि रोकिनु नहुने हुँदा निर्वाध आवागमनका लागि Cargo Ambulance को अवधारणालाई कार्यान्वयन गरिनु पर्ने ।

उपरोक्त व्यवस्थाबाट नेपाली तयारी पोशाक उद्योगको प्रतिस्पर्धात्मक क्षमता बृद्धि भई बाह्य बजारमा तयारी पोशाक उद्योगले आफ्नो हिस्सा बृद्धि गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्दछौं ।

सहयोगका अपेक्षा सहित ।

भवदीय,

(अशोक कुमार अग्रवाल)

महा – सचिव